## सायल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## दुदिलेगडा, डोटी

गाउँसभामा प्रस्तुत गरिएको

# आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रम र बजेट

मिति : २०७७ अषाढ १० गते

**गाउँसभामा प्रस्तुत मिति : २०७७ असाढ १० गते ।**

**सभा अध्यक्ष महोदय,**

आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु । आजको यस महत्वपूर्ण ऐतिहासिक अवसरमा राजनैतिक परिवर्तनका लागि विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । जनआन्दोलनका क्रममा घाइते र बेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दै नेपालको समग्र आर्थिक, राजनीतिक एवम् सामाजिक परिवर्तनका लागि युगान्तकारी नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै राजनीतिक अग्रज तथा शिखर व्यक्तित्वप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

**सभा अध्यक्ष महोदय,**

अब म सायल गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ का लागि गाउँ कार्यपालिकाबाट पारित भई गाउँसभामा पेश हुने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । स्थानीय सरकार संचालन ऐन २०७४ र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रम तयारीको ढाँचालाई अनुसरण गरी यस गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारका समग्र नीति तथा विषयहरुलाई आधार लिएको छु । सहस्राब्दी तथा दिगो विकास लक्ष्य हाँसिल गर्नका साथै सायल गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि विभिन्न सरकारी तथा गैरसरकारी दातृ निकायहरु संग समेत समन्वय, साझेदारी तथा सहकार्य गरी अगाडी बढ्ने नीति अवलम्बन गर्दै यस वर्ष सायल गाउँपालिकाले अवलम्बन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

## १. आर्थिक क्षेत्र

### (क) कृषि तथा पशुपालन

(१) सायल गाउँपालिकाका अधिकांश जनताहरुको मुख्य पेशा भनेको कृषि हो । कृषि क्षेत्रको विकासको लागि सो क्षेत्रमा लगानी आवश्यक छ । त्यसैले कृषि सडक, सिचाई सुविधा विस्तार, व्यावसायिक तालिम, प्राविधिक सहयोगको क्षेत्रमा लगानी गरिनेछ । कृषि क्षेत्रको व्यावसायीकरण र आधुनिकीकरण गर्दै यसलाई मर्यादित, सम्मानित एवम् आकर्षक पेशाको रुपमा विकास गरिनेछ । युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्दै वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई समेत कृषि व्यवसायमा आबद्ध हुन प्रोत्साहित गरिनेछ । सो का लागि आवश्यक सहयोग र वातावरण तयार गरिनेछ ।

(२) यस आर्थिक वर्ष २०७७/०७८ मा कृषि क्षेत्रलाई प्राथमिकतामा राखी यसको माध्यमबाट समृद्धिको बाटोतर्फ प्रस्थान गरिनेछ । गाउँपालिकाको समग्र विकास अभियानलाई द्रुत गतिमा लैजान र समृद्धिको अपेक्षित लक्ष्य प्राप्त गर्ने कृषि तथा दिगो जिविकोपार्जन कार्यान्वयन योजना तयार भइसकेको अवस्थामा यसै वर्षदेखि कार्यान्वयन गरिनेछ ।

(३) कृषिको यान्त्रीकरणलाई प्रोत्साहन दिन सामूहिक र सहकारी कृषि प्रणालीको विकास गरिनेछ । मल, बिऊ, सिचाई, प्रबिधि र कृषि उपजको बजारको सुनिश्चितता कायम गरिनेछ । कृषि सहकारी र कृषक समूह मार्फत मल, बिऊ र प्रबिधि उपलब्ध गरी साना किसानको आर्थिक सामाजिक सशक्तिकरण गरिनेछ ।

(४) समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि **"घरबारी व्यवस्थापन र आय आर्जन, स्वस्थ र समुन्नत जिविकोपार्जन"** भन्ने मूल नाराका साथ गाउँपालिका भित्रका हरेक

घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ साथै गाउँपालिका स्तरमा आवश्यक बोट बिरुवा सहज रुपमा आपूर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्य यसै बर्षबाट आरम्भ गरिनेछ ।

(५) स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिइ जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।

(६) रासायनिक मल तथा विषादीका कारण मानव स्वास्थ्यमा पर्ने प्रतिकुल असरलाई न्यूनिकरण गर्न अर्गानिक तरकारी खेतीको प्रवर्द्धन र विकासमा टेवा पुग्ने कार्यक्रम संचालन गरिनेछ ।

(७) सायल गाउँपालिका आलुका लागि डोटी जिल्लाकै पकेट क्षेत्र रहेको अवगत गराउदै सायलको आलु भनेर सुदुरपश्चिम प्रदेशभरी नै चिनिने हुँदा उचित बजारीकरणका लागि प्रयास गर्दै राष्ट्रिय स्तरमा विक्रि प्रबर्द्धन गर्न अर्गानिक प्रमाणीकरणका लागि आवश्यक पहल गरिनेछ । साथै आलुको मुल्य श्रृंखलालाई कार्यान्वयनमा ल्याइनेछ ।

(८) घरबारी व्यवस्थापन कार्यक्रम संचालन गरी मानव स्वास्थ्य र वातावरणमा सुधारका लागि यस गाउँपालिका भरी एक मुख एक रुख कार्यक्रम संचालन गरिनेछ । यसका लागि प्रत्येक घरधुरीलाई मौसमी तथा बेमौसमी तरकारी उत्पादन र गोठेमल व्यवस्थापन गर्न प्रोत्साहन गरिनेछ ।

(९) कृषि विमा अभियान कार्यक्रम, कृषि मेलाको आयोजनामा साझेदारी, कृषि प्रवर्द्धन केन्द संचालन, कृषि उपज संकलन केन्द्र र शीत भण्डारको कार्यान्वयनमा सहकार्य गरिनेछ ।

(१०) कृषियोग्य जमिनमा १२ महिना सिचाई सुविधा उपलब्ध गराउन नवीनतम् प्रविधिको समेत प्रयोग गरी विभिन्न सिचाई आयोजना कार्यान्वयन गरिनेछ ।

(११) स्थानीय स्तरमा सम्पूर्ण कृषकलाई अधिकतम् छिटो, छरितो, सस्तो र गुणस्तरीय सेवा तथा लाभ दिइ जिविकोपार्जनमा सुधार गर्न एक वडा एक कृषि प्राविधिक राख्ने निति अवलम्वन गरिनेछ ।

(१२) गाउँपालिकाको जिविकोपार्जन कार्यान्वयन योजनालाई आधार मानी लघु उद्यम संचालनमा सहयोग, बीउँविजन तथा कृषि सामाग्री सहज रुपमा आपुर्ति गर्ने बहुउद्देश्यीय नर्सरी स्थापनामा सहयोग, उत्पादित कृषि उपजलाई संकलन, भण्डारण र बजारीकरण गर्नुका साथै प्राथमिकिकरणका आधारमा समूह, समिति, सहकारी, संघ संस्थासंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

(१३) हरेक वर्ष किसानले जमिनमा लगाएको बाली प्राकृतिक प्रकोप तथा जंगली जनावरले नष्ट पुरयाई किसानहरु निरुत्साहित भइरहेको अवस्थामा बालीबिमा तथा पशुपन्छी बिमा र किसान राहत कोषको स्थापना गरिनेछ ।

(१४) कृषि संग सम्बन्धित पुराना योजना, लघु उद्यम, प्लाष्टिक टनेल जिर्ण तथा लोप भई कृषि पेशाप्रति निराशा सृजना भएका कृषकहरुको योजनाहरुलाई मर्मत सम्भार सहयोग गरी दलहन बाली प्रबर्द्धन कार्यक्रम, माटो शिविर संचालन, बाली बिमा, बाली संरक्षण सेवा, कृषक पाठशाला, एग्रोभेट स्थापना, मेटलबिन, सुपर ग्रेन ब्याग, त्रिपाल वितरण, फलामे ट्रस सहितको पोलीहाउस, आरन सुधार, साना सिचाई, प्राविधिक सीप विकास तालिम, नर्सरी स्थापना, बिउँविरुवा वितरण कार्यक्रम मार्फत कृषि कार्यमा प्रोत्साहन गर्ने निति अवलम्बन गरिनेछ ।

(१५) परम्परागत वालीको संरक्षणमा जोड दिइनेछ ।

(१६) पशुवस्तुमा लाग्ने महामारी रोगका कारण हुने क्षती र कृषकहरुको लगानीमा हुने जोखिमलाई ध्यान दिदै यसको क्षति न्यूनिकरण गर्न नाम्ले तथा जुकाको औषधी र रेविज लगायतका रोग तथा महामारी बिरुद्धका भ्याक्सीन सबै वडामा निरन्तर संचालन गरिनेछ ।

(१७) पशुको सन्तुलित आहारको व्यवस्थापनमा जोड दिदै दुध तथा मासुजन्य उत्पादनमा उल्लेख्य बृद्धि गर्न खेतबारीका डिल, कान्ला तथा खेर गइरहेको खाली जग्गा र सार्वजनिक जग्गाहरुमा डाले तथा भुईघास लगाउने अभियानलाई निरन्तरता दिइनेछ ।

(१८) पशुपंक्षीको मासुको बजार प्रबर्द्धन गर्न सुरक्षित स्थानको छनोट गरी आधुनिक बधशालाको स्थापना गर्न निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

(१९) कृषि प्रसार सेवा प्रभावकारी तथा नतिजामुखी बनाउन ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, ग्रामीण कृषि कार्यकर्ता, स्थानीय श्रोतव्यक्ति, अगुवा कृषक र एग्रोभेट संचालकको उचित परिचालन तथा क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।

(२०) माटो परीक्षण कार्यमा जोड दिनका लागि गाउँपालिका कृषि शाखामा आधारभूत माटो परिक्षण प्रयोगशाला स्थापना गरिनेछ ।

(२१) कृषि बजारको स्थापना तथा व्यवस्थापन गरी तरकारी तथा मसला उत्पादन र निर्यातमा जोड दिइनेछ ।

(२२) किसानको क्षमता अभिबृद्धिका लागि विशेष किसिमका कार्यक्रमहरु आयोजना गर्ने नीति अवलम्बन गरिनेछ ।

(२३) कृषि विकासमा संलग्न निकाय, संस्थासंग समन्वय र सहकार्य गरी कृषि विकासमा एकद्वार प्रणाली अपनाइनेछ ।

(२४) कृषकलाई बाली तथा पशुबीमातर्फ उन्मुख हुने नीति अवलम्बन गरिनेछ ।

(२५) उच्च मुल्यका कृषि उपजहरुलाई एक गाउँ एक उत्पादनको रुपमा व्यवसायीकरण गरिनेछ ।

(२६) गाउँपालिकाभित्र तरकारी उत्पादनको राम्रो सम्भावना भएको क्षेत्रमा एक घर एक प्लाष्टिक हाउस को अवधारणा कार्यान्वयनमा जोड दिइनेछ ।

(२७) थोपा सिचाइ, फोहरा सिचाइ र सतह सिचाइ को उचित व्यवस्था गरिनेछ ।

(२८) तरकारी नगदेवाली, फलफुल लगागत अन्य वालीहरुको लागी विशेष खालका पकेट क्षेत्र निमार्ण गर्ने निति अबलम्बन गरिने छ ।

(२९) कृषकलाई ज्ञान र सीप बृद्धिका लागी विभिन्न घुम्ती स्थलगत तालिम तथा अवलोकन भ्रमण संचालन गरिनेछ ।

(३०) सहुलियत दरमा कृषि सामाग्रीहरु उपलब्ध गराउन सहकारी एग्रोभेटको व्यवस्था गरिनेछ ।

(३१) बाँझो जमिन खाली नराख्ने नीति अवलम्बन गरिनेछ । बाँझो जमिनमा कृषि उद्यम गर्ने उद्यमीलाई व्यवसायिक योजना माग गरी प्राविधिक मूल्यांकनका आधारमा प्रति रोपनी न्यूनतम रु. १०००।०० देखि अधिकतम रु. ३५००।०० का दरले अनुदान रकम उपलब्ध गराइनेछ ।

(३२) बाहिर बाट आयातित कृषि तथा पशुजन्य उपजहरुको गुणस्तरियता मापन गरिनेछ ।

(३३) ट्राउट माछापालन व्यवसाय गर्ने उद्यमीलाई प्रोत्साहन गर्नुका साथै माछा व्यवसायलाई प्रबर्द्धन गरिनेछ ।

(३४) पहिरो रोकथामका लागि जोखिमयुक्त जमिनमा वृक्षारोपण गर्ने र डालेघाँसका विरुवा वितरण गरिनेछ ।

**(ख) उद्योग तथा वाणिज्य**

(१) यस गाउँपालिकामा औधोगीक क्षेत्र स्थापना, सम्भाव्य उद्योग संचालनका लागि आवश्यक अध्ययन अनुसन्धान गरिनेछ ।

(२) स्थानीय स्तरमा पाउरोटी, चाउमिन, होजियारी सिलाई कटाई, हाते कडाई, बुनाइ मैनवत्ति साबुन नमकिन निर्माण, जस्ता साना तथा घरेलु उद्योगलाई प्रोत्साहन गर्न बिशेष सहुलियत दिने नीति अबलम्बन गरीने छ ।

(३) गाउँपालिका क्षेत्रमा संचालित उद्योग तथा व्यवसायीक फर्म, दर्ता र नविकरण कार्यलाई व्यवस्थीत गर्ने नीति अवलम्बन गरिनेछ ।

(४) स्थानीय उद्यमीलाई उद्योग संचालन गर्न आवश्यक वातावरण तयार गरिने छ ।

(५) सार्वजनीक, निजी सहकारीसंगको सहकार्यमा जोड दिईनेछ ।

(६) जलवायु अनुकुलन उद्योग स्थापनामा जोड दिइनेछ ।

(७) आरन व्यवसायलाई आधुनिकीकरण गरी बिभिन्न किसिमका फलामे तथा अन्य धातुका औंजार समाग्रीहरु निर्माण तथा साना उद्योगको रुपमा स्थापना गरिने छ ।

(८) अल्लो, केतुकी (रम्बाँस), बडु, बाँस, निङ्गालो जस्ता बस्तुहरुको उचित प्रयोग गरी स्थानीय स्तरमा साना लघुउद्योगको स्थापना कार्यमा जोड दिइनेछ ।

(९) स्थानीय स्तरमा रहेका खनिज बस्तुहरुको पहिचान गरी साना लघु उद्यमको रुपमा विकास गर्ने निति अबलम्बन गरिनेछ । केन्द्रबाट हस्तान्तरण हुने रकमबाट मात्र यस गाउँपालिकाको सम्पूर्ण विकास निर्माणका कार्य गर्न असम्भव भएकाले संविधानको अनुसूचि ८ को अधिनामा रही स्थानीय तहमा संचालित ठूला तथा साना उद्योग तथा व्यवसायलाई कानुनी दायरामा ल्याउन न्यून करको माध्यमबाट करको दायरा फराकिलो बनाई आन्तरिक आय संकलन गरिनेछ ।

(१०) सुधारिएको घट्ट निर्माणमा जोड दिइने छ ।

(११) सबै खालका उद्यम र व्यवसाय सञ्चालान गर्न गाउपालिकाबाट अनुमति लिएर मात्र सञ्चालन गर्ने निति अबलम्बन गरिनेछ ।

(१२) युवालाई स्वरोजगार बनाउन सीपमूलक तालिमको व्यवस्था गरी सीप अनुसारको रोजगार वा व्यवसायको अवधारणालाई युवा स्वरोजगार कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ ।

(१३) प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत स्थानीय स्तरमा रोजगारी सृजना गरी वेरोजगारी न्यूनिकरणको पहल गरिनेछ ।

**(ग) पर्यटन/सस्कृती**

(१) पर्यटकीय पाश्वचित्र तयार गर्न अध्ययन गरिने छ ।

(२) पर्यटन तथा सेवाक्षेत्रको विस्तार गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्न यस सायल गाउँपालिकालाई पर्यटकहरुको गन्तव्य स्थलको रुपमा पुर्वाधार विकास गरिनेछ । यसका लागी यस गाउँपालिका अन्तर्गत रहेको पर्यटकीय सम्भावनाको पहिचान तथा विस्तृत कार्ययोजना निमार्णका लागि पर्यटन बोर्ड नेपाल लगायत सरोकारवालाहरुसंगको सहकार्यमा सम्भाव्यता अध्ययन गरिनेछ ।

(३) गाउँपालिकाको पर्यटकीय क्षेत्रको विकास गर्न पर्यटन विकास समिति गठन गरी उपयुक्त स्थलहरुको पहिचान, विकास र उपयोगको सहयोग पुग्ने गरी प्राकृतिक सम्पदाको संरक्षण, मौलिक संस्कृतिको प्रवद्धन र पूर्वाधार विकासमा तालमेल मिलाई सुविधाहरु विस्तार गर्दै त्यसवाट सृजना हुने अवसरहरुको लाभ स्थानीय जनतालै पाउने गरी योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

(४) स्थानीय धार्मीक स्थलको संरक्षण र संर्वद्धन गरिनेछ ।

(५) परम्परागत सुदुर पश्चिमेली लोकभाका र संस्कृतिको जगेर्ना गर्न डोटेली संग्राहलय स्थापना गर्न विभिन्न निकायसंग पहल गरिनेछ ।

(६) मालिका, भेलछडा, झिकाना, अशद्वाला, चैरिस लेक, गोलेदेउला जस्ता ऐतिहासिक क्षेत्रलाई पर्यटकिय स्थलका रुपमा विकास गर्न गुरु योजना निर्माण गरीने छ ।

(७) खेलकुद पर्यटनमा जोड दिईने छ ।

(८) स्थानीय स्तरमा मनाइने चाडपर्व तथा मेला, महोत्सवलाई प्रोत्साहन र व्यवस्थित गरिनेछ ।

### (घ) सहकारी

(१) गाउँपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पादनमुलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गर्न विशेष नीति अबलम्बन गरीनेछ ।

(२) सहकारीलाई गरिवी निवारण, रोजगारी सृजना र आर्थिक वद्धिको मेरुदण्डको रुपमा विकास गरिनेछ ।

(३) उत्पादन र आम्दानीका क्रियाकलाप सहकारी मार्फत सहकार्य गरेर लैजाने निति अवलम्बन गरिनेछ ।

### (ङ) वित्तिय क्षेत्र

(१) सरकारी तथा निजीक्षेत्रको सहभागितामा भौतिक पूर्वाधारको विकास गर्न सार्वजनिक-निजि साझेदारीको अवधारणलाई प्रोत्साहित गरिनेछ ।

(२) साना पूर्वाधार निर्माणका लागि प्रोत्साहान गर्न गैर सरकारी क्षेत्र वा अन्य क्षेत्रवाट समेत लगानी गरेकामा समपुरक कोषका रुपमा केहि रकम गाउँपालिकाले व्यहोर्ने गरी साझेदारीको कार्यक्रम अगाडी वढाईने छ ।

(३) बैंक तथा वित्तीय संस्थाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन ति क्षेत्रसंग सहकार्य गरिनेछ । गाउँपालिका भित्र हुने व्यवसायीक तथा सरकारी कारोवार बैङ्क‍ि आर्थिक कारोवार हुने दिशातर्फ अग्रसर गराइने छ ।

(४) वित्तिय संस्थामा सहज पहुँचको नीति अवलम्वन गरिनेछ ।

(५)नयाँ स्थापना हुने वित्तिय संस्थाको गाउँपालिकामा दर्ता हुने र क्षेत्र विस्तार गर्न गाउँपालिकाको स्वीकृती लिनुपर्ने व्यवस्था गरिने छ ।

(६) सामाजिक सुरक्षा भत्तालाई सर्वसुलभ रुपमा बितरण गर्न वित्तिय संस्थाहरुसंग समन्वय गरी घुम्ती बैंक संचालनका लागी पहल गरीने छ ।

(७) बिभिन्न निकाय तथा समूहले सञ्चालन गरीएका घुम्तीको रकमको नियमन, अनुगमन र नियन्त्रण गरी थप प्रभावकारी बनाउनको लागी उपयुक्त निति अवलम्वन गरिने छ ।

(८) वित्तीय साक्षरता शिक्षामा सबैको पहुँच पुऱ्याइने निति अवलम्वन गरिनेछ ।

(९) एक व्याक्ति एक व्यवसायिक र एक व्यापार को निति अवलम्वन गरिनेछ ।

## (२) सामजिक विकास

### (क) शिक्षा

(१) नेपालको संविधानले शिक्षालाई मौलिका अधिकारको रुपमा स्थापित गरीसकेको परिप्रेक्षमा सबै गाउँपालिकाबासी लाई गुणस्तरीय शिक्षामा सबैको पहुँच पुऱ्याउन शैक्षिक योजना तथा कार्यक्रम संचालन गरीने अबलम्वन गरिनेछ ।

(२) सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा जोड दिईनेछ । विद्यालय, विद्यार्थी, शिक्षक संख्याकाृ साथै भौतिक संरचनामा अनुपातिक सुधार तथा व्यवस्थापनको लागी विशेष नीति अवलम्वन गरिनेछ ।

(३) यसै आ.व. मा सम्वन्धित निकायसंग सहकार्य र समन्वय गरी पुर्ण साक्षर गाउँपालिका घोषणा गरिनेछ ।

(४) प्रत्येक विद्यालयमा बालविकास कक्षा अनिवर्य रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

(५) योग शिक्षाको विकास, गाउँपालिकामा एक योगआश्रम स्थापना र योगको दैनिक जिवनमा महत्वलाई सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ ।

(६) शिक्षाको गुणस्तरीयता र समानतामा आधारित बनाउन गाउँपालिका स्तरिय परीक्षा प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

(७) सामुदायीक विद्यालयका शिक्षकलाई पेशाप्रति जिम्मेवार बनाइने निति अवलम्वन गरिनेछ ।

(८) विद्यालय प्रशासनलाई विशेष जिम्मेवार बनाइने छ । प्रशासन नेतृत्वको क्षमता र योग्यताको आधारमा फेर बदल गर्ने कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।

(९) ICT Based सामुदायिक शिक्षामा जोड दिईनेछ ।

(१०) सामुदायिक विद्यालयको शिाक्षाको प्रभावशिलता र गुणस्तरीयता अभिवृद्धिका लागि मुल्याङ्कनका निश्चित मापदण्ड बनाई एक विद्यालय छनौट गरी Center of Excellence का रुपमा विकास गरिनेछ ।

(११) विद्यालय प्रति आमजनताको अपनत्वको भावनामा विकास गर्ने र सुधार गर्ने कुरामा जोड दिइनेछ ।

(१२) व्यवसायीक र सीपमुलक शिक्षामा विशेष जोड दिदै बृहत अध्ययन गरी गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा प्राविधिक धारका विषयहरु समावेश गर्न प्रोत्साहन गरीनेछ ।

(१३) पूर्ण बालमैत्रि कक्षा सञ्चालन गर्न विशेष पहल गरिने छ ।

(१४) निजी विद्यालय संचालन मापदण्ड वमोजिम भए/नभएको सो को प्रभावकारीता अनुगमन मुल्याङ्कन गरिने छ । निजि विद्यालय र सामुदायीक विद्यालयका बिचको दुरी कम गर्ने किसिमका कार्यक्रमहरु आयोजना गरिनेछ ।

(१५) प्रत्येक विद्यालयमा गुणीतरीय शिक्षामा पहुँच पुऱ्याउन बिशेष योजना तथा कार्यक्रम संचालन गरीने छ र नियमन अनुगमन गरिने निति अवलम्वन गरिने छ ।

(१६) एक विद्यालयवाट अर्को विद्यालयको दुरी, विद्यार्थी संख्या, आर्थिक, भौतिक र शैक्षिक अवस्था अध्ययन गरि विद्यालय मिलान/मर्ज गरिने निति अबलम्बन गरिने छ ।

(१७) प्रत्येक विद्यालयमा कम्तिमा एक जना महिला शिक्षक अनिवार्य गरिने छ ।

(१८) प्रत्येक विद्यालयमा कम्प्युटर शिक्षा अनिवार्य गर्न आवश्यक पहल गरिनेछ ।

(१९) प्रत्येक विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न अतिरिक्त क्रियाकलापमा जोड दिने निति अवलम्वन गरिनेछ ।

(२०) विद्यालयहरुमा शिक्षण सहजकर्ताको रुपमा नियुक्त गरिएका शिक्षकहरुको परिचालन गर्ने नितिलाई निरन्तरता दिइनेछ ।

(२१) शिक्षामा समता रणनिति भित्र रहेका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

(२२) अनौपचारिक तथा निरन्तर सिकाई प्रबर्द्धन गर्ने बैकल्पिक कार्यक्रम संचालन गरिनेछ ।

(२३) कोभिड-१९ महामारी बाट भएको शैक्षिक क्षती न्यूनिकरणका लागि सूचना सञ्चार प्रविधि मार्फतको पठनपाठन कार्यलाई अगाडी बढाइनेछ ।

**(ख) स्वास्थ्य**

गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरीकको पहुँच पुग्ने गरि निशुल्क आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न तपसिल बमोजिमको स्वास्थ्य निति तथा योजना अवलम्वन गरी कार्यान्वयनमा ल्याइने छ ।

(१) गाउँपालिका स्तरमा १५ शैयाको अस्पतालका लागि पहल गरिनेछ

(२) कोभिड १९ रोकथाम र नियन्त्रण गर्न सबै खाले प्रयास अवलम्बन गरिनेछ र कोरोना संक्रमणको रोकथाम तथा उपचार कार्यका लागि आइसोलेसन बेडसहितको स्वास्थ्य संरचना निर्माण गरिनेछ ।

(३) गाउँपालिका भित्रका स्वास्थ्य संस्थाको स्तरोन्नती गरी स्वास्थ्य सामाग्रीको उचित व्यवस्थापन गरिनेछ ।

(४) पुर्ण खोप सुनिश्चितताको दिगोपना कायम रहने गरी प्रत्येक वडामा कम्तिमा १ खोप केन्द्र स्थापना गरी वडा स्तरमा समुदायिक सहभागीमुलक कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

(५) सुरिक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गरि पुर्ण गर्भ जाँच तथा पुर्ण संस्थागत सुत्केरी कार्यक्रमलाई अभियानका रुपमा संचालनमा ल्याइने छ ।

(६) सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत हाल संचालित गर्भवती क्यालेन्डर, हेलो सिस्टर, महिला स्वा.स्व. फोन, गर्भवती सम्मान, गर्भजाँच संग आयोनुन बितरण जस्ता क्रियाकलापलाई निरन्तरता दिईने छ ।

(७) बहुक्षेत्रीय पोषण योजनालाइ समन्वयात्मक रुपमा अघि बढाई खानेपानी र सरसफाइ सम्वन्धि ब्यवहार परिवर्तनमा सघाउ पुग्ने खालका क्रियाकलाप संचालन गरिने छ ।

(८) बालबिबाह न्युनीकरण अन्तर्गत "बिहे बारि बिस वर्ष पारी" अभियानका लागि सचेतनामुलक क्रियाकलाप संचालन गरिने छ । बालबिबाह सम्वन्धि कानुन लाई प्रभावकारी बनाई कार्यान्वयन गरिने छ ।

(९) परिवार नियोजन सेवाको प्रभावकारी कार्यान्वयन गरि ३ वटै संस्थामा छोटो तथा लामो अवधी काम गर्ने परिवार नियोजनाका साधनको सर्वसुलभ रुपमा उपलब्ध हुने व्यवस्था मिलाईनेछ । साथै सुरक्षित गर्भपतन सेवालाई व्यवस्थित गरिनेछ ।

(१०) परिवार नियोजन घुम्ती शिविर संचालन गरिनेछ ।

(११) किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवा लाई विद्यालय तथा वडा स्तर सम्म संचालन गरिने छ ।

(१२) महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन गर्ने कार्यक्रम अधि बढाइ बाल स्वास्थ्य र आमा सुरक्षा कार्यक्रममा विशेष सहयोग लिने वातावरण सृजना गरिने छ ।

(१३) स्वास्थ्य संस्थाजन्य फोहर ब्यवस्थापन, कार्यालय, विद्यालय, बजार तथा सार्वजनिक स्थलको सरसफाइ र फोहर ब्यवस्थापन लाई नियमित संचालन र अनुगमन गरिने छ ।

(१४) खाद्य पदार्थको गुणस्तरका लागि नियमित बजार अनुगमन व्यवस्थापन मिलाईने छ ।

(१५) खोप र गाउँघर क्लिनिक संचालन गर्न बाह्य खोप क्लिनिक भवन निर्माण गरि संचालनमा ल्याइने छ ।

(१६) ३ वटै संस्थामा संचालित क्षयरोग उपचार केन्द्रलाइ नियमित संचालनमा ल्याइ सेवाको मुलप्रवाह बाट टाढा रहेको समुदायलाई लक्षित गरी क्षयरोग खकार परिक्षण माइक्रोस्कोपी क्याम्प संचालन गरिने छ ।

(१७) महामारी तथा बिपद व्यवस्थापनका लागि आकस्मिक कोष स्थापना गरिने छ ।

(१८) सिघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

(१९) सुसासन र पारदर्शिता कायम गर्न प्रत्येक स्वास्थ्य संस्थामा नागरिक वडापत्र, सुझाव पेटिका राख्ने तथा सामाजिक लेखापरिक्षण  एवं सार्वजनिक सुनुवाई अनिवार्य संचालन गर्ने व्यवस्था मिलाइने छ ।

(२०) स्वास्थ्य चौकिको भवन निर्माणका लागि आवश्यक जग्गाको व्यवस्था गरिने छ ।

(२१) स्वास्थ्य क्षेत्रमा क्रियाशिल संघ संस्था संग समन्वय गरी साझेदारिमा कार्यक्रम संचालन गरिने छ ।

(२२) स्वस्थ्य विमा कार्यक्रमलाई विशेष महत्वका साथ अगाडी वढाइनेछ ।

(२३) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, विपन्न असाहयको उपचारमा विशेष सुविधा प्रदान गरिनेछ ।

(२४) समय समयमा विभिन्न रोग सम्बन्धी शिविर सञ्चालन गरिनेछ ।

**(ग) खानेपानी, सरसफाई तथा स्वच्छता (वास)**

१. नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा  विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
२. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।
३. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
४. नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०७८ भित्र गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष बमोजिम

गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ। विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ।

५. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

(६) गाउँपालिकाभित्र सम्पन्न भई संचालनमा रहेका खानेपानी तथा सरसफाई योजना र सो संग सम्बन्धित उपभोक्ता बसोवास गर्ने टोल स्तरमा पूर्ण सरसफाईका कार्यक्रमहरु संचालन गरी पूर्ण सरसफाईयुक्त योजना/टोल घोषणा गर्ने अभियानको रुपमा सुरुवात गरिने छ।

(७) एक चोटी निर्माण भएका तर विचमा बिग्रेका खानेपानीको पूर्ण मर्मत सम्भार गर्ने निति अवलम्वन गरिने छ।

(८) फोहरमैला व्यवस्थापनमा उचित मापदण्ड अपनाई दण्ड र जरीवानालाई प्रभावकारी वनाईनेछ।

(९) स्वस्थ नागरिक जिम्मेवार सरकारको निति लिइनेछ।

(१०) खानेपानी योजना समुदायलाई हस्तान्तरण हुनुभन्दा पहिले मुहान गाउँपालिकामा अनिवार्य दर्ता गर्ने निति अवलम्बन गरिनेछ।

(११) एक घर एक चर्पि नितिलाई निरन्तरता दिई थप प्रभावकारी बनाइनेछ।

**(घ) खेलकुद**

(१) स्वस्थ तथा अनुशासित नागरिक समाजको सिर्जना गर्न खेलकुद विकासमा जोड दिइनेछ। गाउँपालिका भित्र हाल भएका खेल मैदानहरुको स्तरोन्नती गर्दै १ वडा १ खेलकुद मैदान निर्माण गरी ६ वटै वडामा खेलकुद मैदानको विकास गरिने छ। गाँउपालिका नजिकै कभर्डहलको निर्माण अभियान यसै बर्षबाट थालिने छ।

(२) प्रत्येक बर्ष गाँउपालिका स्तरमा खेलकुद प्रतियोगिताको आयोजना गरिने छ।

(३) खेलकुदलाई जीवनको अभिन्न अंगको रुपमा बिकास गरिने छ।

(४) सामुदायिक बिद्यालयका खेलकुद मैदानको स्तररोन्नती गरिने छ।

(५) गाउँपालिका कप प्रतियोगिता आयोजना गरिने छ।

(६) खुला तथा खाली सार्वजनिक जग्गा खेलकुदका लागि उपयोग गर्ने नीति लिइने छ।

(७) खेलकुदमा लैङ्गिक बिभेदको अन्त्य गरिने छ।

(८) रास्ट्रिय तथा अन्तरास्ट्रिय रुपमा खेलिने विभिन्न खेलहरु यस गाउँपालिकामा खेल विस्तार गरिने छ र सो का लागि आवश्यकता अनुसार बजेट बिनियोजन गरिने छ।

## (□ ) सामाजिक सुरक्षा

(१) सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग सेवा मार्फत वितरणको व्यवस्था मिलाइने छ।

(२) महिला हिंसा न्यूनीकरण र लैङ्गिक विभेदको अन्त्य गरिनेछ।

(३) अल्पसंख्यक पिछडिएको वर्ग क्षेत्रको उत्थान र जातीय भेदभावको अन्त्य गरिनेछ।

(४) अपाङ्गता भएका व्यक्ति, दलित र असाहयको सामाजिक जीवनको सुरक्षाको सुनिश्चित गरिनेछ।

(५) ज्येष्ठ नागरिक समाजको गठन र तिनको क्षमता र अनुभवलाई पुँजिका रुपमा लिई उचित ठाउँमा उपयोग गर्ने निती लिइनेछ ।

(६) जेष्ठ नागरिकको मर्यादित जीवनका लागी अनुभव साटासाटमा टेवा दिने दिवा सेवा केन्द्र स्थापना गर्न सरकारी गैरसरकारी निकायसंग आवश्यक समन्वय गरिने छ ।

(७) सामाजिक सुरक्षा कार्यक्रम एकीकृत रुपमा संचालन गरी प्रभावकारी रुपमा अनुगमन गरिनेछ ।

**(च) महिला**

(१) महिलाहरुको सामुदायिक संस्था, सहकारी तथा संजालहरुको विकास सशक्तिकरण आयआर्जन तथ सिप क्षमता अभिवृद्धिका लागी विष्शे योजना बनाई कार्यान्वयन गरिनेछ ।

(२) लैङ्गिक हिंसा, घरेलु हिंसा मानव वेचविखन, विभेद तथा असमानता विरुद्ध जनचेतना अभिवृद्धि गर्न अन्तराष्ट्रिय श्रमिक महिला दिवस, लैङ्गिक हिंसा विरुद्ध विभिन्न दिवशहरु प्रभावकारी रुपमा संचालन गरिनेछ ।

(३) महिलाहरुको शैक्षिक स्तर उकास्न खुल्ला शिक्षा प्रौढ शिक्षा, किसोरीहरुका लागी विशेष कार्यक्रम लगायत शिक्षा लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

(४) महिलाहरुको नेतृत्व र निर्णायक भूमिका स्थापित गर्न सामुदायिक विकासका कार्यहरुमा समान सहभागीताको लागि उपयुक्त वातावरण प्रदान गरिनेछ । हरेक समितिमा महिलाको प्रतिनिधित्व अनिवर्य गरिनेछ ।

(५) महिलालाई सिप र रोजगारीमा समान अवशर उपलब्ध गराई समान कामको समान ज्याला कार्यान्वयन गर्न स्थानिय कानुन वनाई लागु गरिने छ ।

(६) सम्पतीमा दम्पतीको अधिकार सुनिश्चितताका लागी संयूक्त पुर्जा वनाउने जग्गा धनिलाई लाग्ने करमा विशेष छुट दिईने छ । यसवाट आगामी दिनमा महिलाले पनि सम्पतिमाथीको आफ्नोपनको महशुस गर्न पाउने छन् ।

(७) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा निर्माण भएका नियम कानुनहरुको यस गाउँपालिकामा पूर्ण कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गर्दछ ।

**(छ) दलित**

दलित तथा सिमान्तकृत वर्गको उत्थानको लागी हरेक वडा स्तरमा दलितहरुको सामुहिक आय आर्जनको कार्यक्रम लागु गरिने छ । दलित तथा सिमान्तकृत वालवालिकाको निशुल्क शिक्षाको ग्यारेन्टि गरिने छ । परम्परागत पेसा लाई आधुनिक प्रविधियुक्त बनाइ बजार प्रबर्द्धन गर्न सघाउ पुऱ्याउने खालका आय आर्जनमुखी कार्यक्रम ल्याइने छ ।

**(ज) बालवालिका**

(१) बालवालिकाको विकासका लागि बालमैत्री अभियान संचालन मार्फत वाल मैत्री स्थानीय शासनका लागि अवश्यक सूचकहरु यसै वर्ष देखि अवलम्वन गरिनेछ ।

(२) वालश्रम निवारणका लागि गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

(३) दृष्टि विहिन तथा अपाङ्गता भएका वालवालिकाको लागि विशेष कार्यक्रम वनाएर लागु गरिने छ ।

(४) वालमैत्री तथा अपाङ्गमैत्री वातावरणको व्यवस्था गरिने छ ।

(५) विद्यालय तथा वडास्तरमा वाल क्लवहरु गठन गरि गाउँपालिका स्तरीय वाल सञ्जाल निर्माण गरिनेछ ।

(६) हरेक सार्वजनिक निर्माण वालमैत्री हुनुपर्ने नीति अवलम्वन गरिने छ ।

**(झ) स्थानीय रोजगार सेवा**

(१) देशमा विद्यमान बेरोजगारी दर कम गर्नका लागि स्थानीय तहका बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि आवेदन गरी रोजगार सेवा केन्द्रमा सूचिकृत गरिनेछ।

(२) स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु संचालन गरी न्यूनतम १०० दिनको रोजगारीको प्रत्याभूती गराइनेछ।

(३) कोभिड १९ को कारणबाट भारत तथा तेस्रो मुलुकबाट आएका व्यक्तिहरुलाई सूचिकृत गरी विशेष प्राथमिकताका साथ सीप पहिचान गरी सीप अनुसारको काममा सहभागी गराइनेछ।

(४) दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रबर्द्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिहरुलाई तालिम दिइनेछ।

(५) संघ तथा प्रदेश सरकारले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै स्थानीय तहमा रोजगारीका क्षेत्र विस्तार गरिनेछ।

(६) आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैरसरकारी क्षेत्रसंग समन्वय र सहकार्यमा जोड दिइनेछ।

(७) श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यावसायिक वित्तिय क्षेत्रमा रोजगारीको सिर्जना गरिनेछ।

(८) रोजगार सेवा केन्द्रको थप प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापनमा गरिनेछ।

(९) कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापनमा जोड दिइनेछ।

(१०) यस गाउँपालिकाभित्र बसोवास गर्ने अति विपन्न परिवारको पहिचान गरी स्वरोजगारका कार्यक्रममा प्राथमिकताका साथ संलग्न गराउने नीति अवलम्बन गरिनेछ।

**(३) पूर्वाधार विकास**

**(क) सडक**

(१) सडक पहुँच नपुगेका वडामा सडक पहुँचका लागि सडक ट्र्याक खोलिनेछ ।

(२) बाह्रै महिना संचालन हुने सडकको व्यवस्थापन गरिनेछ।

(३) स्थानीय सडकको उचित मापदण्डको आधरमा स्तरोन्नती गरिनेछ।

(४) सबै खाले सडकको तल माथी छेउछाउमा वृक्षारोपण गरि हरियाली सडकको नीति अवलम्वन गरिने छ।

(५) क्रमागत सडकलाई निरन्तरता दिईने छ। आवश्यकता अनुसार कृषि ग्रामिण सडकको ट्र्याक खोलिने छ।

(६) घोरेटो बाटो मर्मत संभार र निर्माण गर्ने नीति अवलम्वन गरिनेछ।

**(ख) सिचाई**

(१) भूमिगत सिचाईको अध्ययन अनुसन्धान गरिनेछ।

(२) लिफ्ट सिचाईको प्रविधि मार्फत विकास र उपयोग गर्ने नीति अबलम्वन गरिनेछ।

(३) पुराना सिचाई कुला तथा नहरहरुलाई मर्मत संभार गरिने नीति अवलम्वन गरिनेछ ।

(४) सायल गाउँपालिका स्तरीय जलउपयोग गुरुयोजनालाई आधार मानी पानीको स्रोत तथा उपयोगको आधारमा सिचाई कुलो र नहर निर्माण गरिने छ ।

**(ग) भवन तथा शहरी विकास**

(१) गाउँपालिका कार्यालय, वडा कार्यालयहरु र विषयगत क्षेत्रका कार्यालयहरु निमार्णका लागि विशेष नीति अवलम्वन गरिनेछ ।

(२) राष्ट्रिय भू-पयोगकोनीति लागु गरि आवास निर्माणलाई सुरक्षित वनाई व्यवस्थित गाउँपालिका निर्माणमा जोड दिईनेछ ।

(३) घर नक्सा पासलाई व्यवस्थित गरी सडक सतहवाट माथी निर्माण हुने घरका तलाको संख्या निश्चित गरिनेछ ।

(४) नयाँ घर गाउँपालिकाको अनुमति लिएर नक्शा पास गरेर मात्र घर बनाउने नीति अवलम्बन गरिनेछ ।

(५) सार्वजनिक जमीन मिचेर घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गरी सार्वजनिक जमिनको लगत लिई संरक्षणमा जोड दिईनेछ ।

(६) नेपाल सरकार अन्य दातृ निकायको सहयोग र समन्वयमा निर्माण गरिने पुर्वाधार जस्तै रंगशाला प्राविधिक शिक्षालय धार्मिक तथा पर्यटकीय पुर्वाधार निर्माणमा पहल गरिनेछ ।

**(घ) संचार**

(१) गाउँपालिका भित्रका ग्रामिण क्षेत्र सम्म गुणस्तरीय Internet सेवा विस्तारमा पहल गरिनेछ ।

(२) गाउँपालिका कार्यालयको अर्धवार्षिक र वार्षिक बुलिटिन प्रकाशन गरिनेछ ।

(३) गाउँपालिकामा Website साईट मार्फत काम गर्ने व्यवस्था मिलाईनेछ ।

**(ङ) वैकल्पीक उर्जा, साना जलविधुत सहित**

(१) वैकल्पीक उर्जाको अध्ययन र विकासका साथै ग्रामिण भेग सम्मम विस्तार गरिने छ ।

(२) ग्रामीण वस्तीमा गोवर ग्याँसको प्रयोग र उपयोगमा जोड दिईने छ । साना जलविधुतको स्थापना गरिनेछ ।

(३) केन्द्रिय प्रशारण लाइनलाई प्रत्येक गाउँ वस्ती विस्तारका लागि विशेष पहल गरिनेछ ।

(४) सायलीगाड जलविधुत आयोजना यस गाउँपालिकाको स्वामीत्व रहने गरी संचालनमा विशेष नीति आवलम्वन गरिनेछ ।

**(४) वातावरण तथा विपद व्यवस्थापन**

**(क) वन तथा भू-संरक्षण**

(१) बढ्दो वन बिनासको लागि नियन्त्रण र भुसंरक्षणमा जोड दिइने छ ।

(२) वन उद्यान विकासमा जोड दिइने छ ।

(३) वन संरक्षणमा सवैको सहभागिता जुटाइने छ ।

(४) प्रत्येक घरधुरीमा सुधारिएको चुलो प्रयोग गर्नका लागि प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।

(५) सार्वजनिक प्रति वाटो, चौतारा, परम्परागत धार्मिक पर्यटकीय खुला क्षेत्रको सिमाङ्कन गरि वनको संरक्षण गरिनेछ ।

(६) सामुदायिक वन उपभोक्ता समितिको क्षमता बिकासमा जोड दिइ अझ वदि जिम्मेवार बनाइने छ ।

(७) जनताको वन, जनताको धन अवधारणा विकास गरिने छ ।

(८) भु-संरक्षण नितिको यस गाउँपापिलकामा पुर्ण कार्यान्वयन गरिने छ ।

(९) नाङ्गा र खाली डाडाकाडा तथा सबै भु-भागमा वृक्षारोपण गरी हरियाली गाउँपालिकाको रुपमा चिनाइने छ ।

(१०) यस गाउँपालिका भित्रका सबै प्रकारका वन उपभोक्ता समितिलाई नियमन गरी वन संरक्षण र व्यवस्थापन गर्ने नीति अबलम्वन गरिनेछ ।

**(ख) जलवायु पविर्तन**

बढ्दो जलवायु परिवर्तनबारे गाउँपालिकावासीलाई सुसुचित तुल्याई जलवायु परिवर्तन न्यूनिकरणका लागी विषेश नीति अबलम्वन गरिने छ ।

**(ग) जल उत्पन्न प्रकोप नियन्त्रण**

(१) बस्ती व्यवस्थापन, ढल निकासालाई व्यवस्थित गर्दै प्रकोप नियन्त्रणमा सरोकारवाला सबैसंग सहकार्य र समन्वय गरिने छ ।

(२) तटबन्धनको प्रभावकारी व्यवस्था गरिने छ ।

(३) जलवायु अनुकुलनका कार्यक्रमहरु अवलम्वन गरिनेछ ।

**(घ) विपद व्यवस्थापन**

(१) प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त खानेपानी तथा सरसफाईका संरचनाहरुको पुनर्निर्माणलाई उच्च प्राथमिकतामा राखिनेछ । विपद व्यवस्थापनको लागि संस्थागत संरचालाहरुलाई खोज उद्धार तथा राहात कार्यका लागि संस्थागत सुदृढीकरण एवं क्षमता अभिवृद्धिमा जोड दिईनेछ । विपद व्यवस्थापनलाई विकासमा मूल प्रवाहीकरण गरिने छ ।

(२) विपद व्यवस्थापनको पूर्वतयारी, तथा प्रतिकार्य योजना बनाई लागु गरिने छ । बाध्यात्मक रुपमा वसोवास गरीरहेका जोखिमयुक्त वस्तीहरुलाई आवश्यकता अनुसार पहिचान र स्थानान्तरण गरिने छ ।

(३) विपद व्यवस्थापन बारे ब्यापक जनचेतना फैलाउने कुरामा जोड दिईने छ ।

(४) विपद व्यवस्थापन बारे पूर्व तयारीवारे जानकारी संयन्त्र निर्माण गरिने छ ।

(५) प्रत्येक वडामा उद्धार, राहात पुनःस्थापना समिति निर्माण गरिने छ ।

(६) विपद व्यवस्थापन गाउँपालिका कार्य योजना निर्माण गरिनेछ ।

## (५) सुशासन तथा संस्थागत विकास

### (क) मानव संशाधन विकास

(१) कर्मचारी (करार) भर्नामा योग्यता प्रणाली अपनाईने छ ।

(२) अन्य निकायवाट समायोजन हुन आउने जनशक्तिलाई आवश्यकता र क्षमताका आधारमा स्वीकारीने व्यवस्थापना गरिने छ ।

(३) कर्मचारीको वृति विकासमा उचित ध्यान दिइने छ ।

(४) अतिरिक्त काम गर्ने कर्मचारीलाई Incentive को उचित व्यवस्था गरिनेछ र कार्यसम्पादनको आधारमा पुरस्कृत र दण्डको नीति अबलम्वन गरिने छ ।

(५) कामको मुल्याङ्कनको आधारमा उत्कृष्ट वडा, वडा अध्यक्ष, सभा सदस्य र कर्मचारीलाई बिशेष पुरस्कारको व्यवस्था गरिनेछ ।

(६) कर्मचारीको क्षमता अभिवृद्धि र सेवा सुविधामा न्यायोचित व्यवहार गरिने छ ।

(७) कर्मचारी अनुशासनमा नरहने र पेशागत आचरण नभएकोलाई गुण र दोषको आधारमा व्यवहार गरिनेछ ।

(८) गाउँपालिका तथा वडा कार्यालयको भवन निर्माण प्राथमिकताका आधारमा गरी कर्मचारी व्यवस्थापन र भौतिक व्यवस्थापन गर्दै लगिनेछ ।

(९) कार्य सम्पादन मुल्यांकन पद्धतिलाई प्रभावकारी बनाइनेछ ।

(१०) नेपाल सरकार प्रशासनिक पुनःसंरचना मार्फत तय भएका मापदण्ड कार्यान्वयन गरिनेछ ।

(११) कार्यालयको मर्यादा Chain of command र नैतिकतामा नरहने कार्यालय समयमा सेवा प्रवाहमा लापरवाही गर्ने तर वृति विकास खोज्ने र जिम्मेवारीमा निष्ठावान नहुने कर्मचारी उपर हदै सम्मको कारवाही गर्न पछि नपर्ने नीति लिईनेछ ।

(१२) कर्मचारीलाई गाउँपालिकाले परिचालन गर्नको लागि विषयगत क्षेत्र अनुसार कार्य योजना र कार्य विवरण बनाई परिचालन गर्ने नीति अवलम्वन गरिने छ ।

(१३) कर्मचारीलाई विषयगत क्षेत्रका क्रियाकलापहरु संगसंगै एकिकृत विकासका क्रियाकलापहरुमा उत्तिकै जिम्मेवारी बोध गराउने नीति अवलम्वन गरिनेछ ।

(१४) कर्मचारीको क्षमता विकासमा अध्ययन अनुसन्धान तालिम भ्रमण अनुभव साटासाटको व्यवस्था मिलाईने छ ।

(१५) गाउँपालिका भित्रका सेवारत कर्मचारीहरुको नियमन अनुगमन र मुल्यांकन गाउँ कार्यपालिकाले गर्ने नीति अवलम्वन गरिन छ ।

(१६) गाउँपालिकावाट नियुक्ति हुने कर्मचारीको छनौटका लागि सेवा आयोग गठन सम्वन्धि अध्ययन गर्ने नीति लिईनेछ ।

(१७) कर्मचारीहरुको पोशाक कार्यालय समय भित्र अनिवार्य गरिनेछ ।

(१८) जनप्रतिनिधिहरुको क्षमता अभिबृद्धिका लागि अध्ययन अवलोकन भ्रमण र तालिमको व्यवस्था गरिनेछ ।

**(ख) सुरक्षा व्यवस्था**

(१) सायल प्रहरी चौकीलाई “क” वर्ग को इलाका प्रहरी चौकीमा विस्तार गर्नका लागि विशेष पहल गरिने छ ।

(२) सुरक्षाकर्मीलाइ जनताको सेवामा सधै क्रियासिल भइ काममा समर्पित गराइने निति अवलम्वन गरिनेछ ।

(३) गाँउपालिकाको तयार भएको E-Profile लाई सम्वद्ध संस्था कार्यालय र सर्वसाधारणलाइ सार्वजनिकिकरण गर्न उचित व्यवस्था मिलाउने ।

**(ग) सूचना प्रविधि**

(१) सूचनामा सवैको पहुँच पुऱ्याउनका लागि सञ्चारका माध्यमद्धारा प्रचार प्रसार गरिने नीति अवलम्वन गरिने छ ।

(२) प्रत्येक वडा कार्यालयमा संचार सेट स्थापना गर्न अध्ययन गरिनेछ ।

(३) विधुतीय प्रणालीको प्रयोगमा जोड दिइनेछ ।

(४) गुनासो सुनुवाइलाई प्रविधिसँग जोडदै व्यवस्थित गरिनेछ ।

(५) सेवा प्रवाहमा सार्वजनिक सुनुवाइ जनतासँग जनप्रतिनिधिको प्रत्यक्ष संवाद नागरिक वडा पत्र र विविध प्रविधिसंग जोडिनेछ ।

(६) सुचना प्रवाहमा एक द्धार प्रणाली अपनाइने छ ।

(७) सुचना प्रबिधिको प्रयोगमा क्षमता अभिबृद्धि गरि अधिकतम उपयोग गरिने छ ।

(८) गाँउपालिकाको आर्थिक, भौतिक, सामाजिक लेखाङ्कन प्रविधियुक्त वनाइने छ ।

(९) आम नागरिकलाइ सुचनाको प्रत्याभुति गर्न गाँउपालिका कार्यालयमा सूचना अधिकारी तोकी सूचना संचार प्रणलीलाइ व्यवस्थित, न्यायोचित र प्रभावकारी बनाइनेछ ।

(१०) विद्यालयहरुमा विधुतिय हाजिरी लागु गर्ने निति अवलम्वन गरिनेछ ।

**(घ) लेखाङ्कन वित्तिय परिचालन**

(१) आर्थिक प्रशासन संचालनमा प्रविधिमा जोड दिइनेछ ।

(२) वित्तिय सादाचारितामा जोड दिइने छ ।

(३) पञ्जीकरणलाई प्रविधिमैत्री बनाउदै लगिनेछ ।

(४) कार्यक्रमका सम्पुर्ण कामकारवाहीलाइए कम्प्यूटर प्रणालीबाट व्यवस्थित गरिनेछ । सो को दिर्घकालिन सुरक्षामा जोड दिइनेछ ।

(५) सूचनाको हकको सुनिश्चितता गरिनेछ ।

(६) गाँउपालिकाबाट संचालित हरेक विकास योजना क्रियाकलाप र कार्यक्रमको सार्वजनिक परीक्षण सार्वजनिक सुनुवाइ सार्वजनिक लेखापरीक्षणको निरन्तरता दिइ अनिवार्य बनाइने छ ।

**(ङ) तथ्याङ्क संकलन**

(१) गाँउपालिका पाश्वचित्रलाइ आम नागरिक सामु सर्कुलर गरिने छ ।

(२) विभिन्न क्षेत्रको दिर्घकालिन गुरुयोजना निर्माण गर्न विस्तृत अध्ययन गरिने छ ।

(३) गाँउपालिकाको आधारभूत सर्भेक्षण गरी क्षेत्रगत गुरुयोजना निर्माणमा जोड दिइने छ ।

(४) आन्तरिक नियन्त्रण प्रणालीलाइ प्रभावकारी बनाइने छ ।

**(ग) वित्तिय जोखिम र आन्तरिक लेखापरिक्षण**

(१) वित्तिय जोखिम न्युन गरिने छ ।

(२) आन्तरिक लेखापरिक्षण शाखा तोकी उक्त शाखालाइ व्यवस्थित गरिनेछ ।

(३) आन्तरिक लेखापरीक्षकले नियमित कामकाज गरी नियमित रुपमा आन्तरिक लेखापरिक्षण गरिनेछ ।

**(७) विविध**

सायल गाँउपालिकाको समग्र विकासलाई मध्यनजर गर्दै आ.व. २०७७/०७८ मा जनताले प्रत्यक्ष महसुस गर्ने विकासका कार्यक्रमहरुको छनोट र कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

**धन्यवाद ।**